आज मिति २०८२ भाद्र १९ गतेका दिन पञ्चपुरी नगरपालिकाका नगर प्रमुख श्री लालविर भण्डारीज्यूको अध्यक्षतामा आ.व. ०८२/०८३ को नगर कार्यपालिकाको दोस्रो बैठक तपसिल बमोजिमको उपस्थितीमा बसी निम्नानुसार निर्णय गरियो ।

बैठक संख्याः- ०२
स्थानः- पञ्चपुरी नगरपालिका कार्यपालिकाको बैठक कक्ष
बैठक प्रारम्भः- विहान ११.०० बजे
बैठकको अन्त्यः-

उपस्थितीः-

| सि.नं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री लालविर भण्डारी | नगर प्रमुख | |
| २. | श्री मुक्तिदेवी रेग्मी | नगर उप प्रमुख | |
| ३. | श्री कर्णबहादुर थापा मगर | वडा अध्यक्ष वडा नं. १ | |
| ४. | श्री यामबहादुर वि.सी. | वडा अध्यक्ष वडा नं. २ | |
| ५. | श्री बलबहादुर रोकाय | वडा अध्यक्ष वडा नं. ३ | |
| ६. | श्री राम प्रसाद अधिकारी | वडा अध्यक्ष वडा नं. ४ | |
| ७. | श्री नगेन्द्रबहादुर शाही | वडा अध्यक्ष वडा नं. ५ | |
| ८. | श्री कर्णबहादुर तारामी | कावा वडा अध्यक्ष वडा नं. ६ | |
| ९. | श्री खिमबहादुर बयक क्षेत्री | वडा अध्यक्ष वडा नं. ७ | |
| १०. | श्री दिपक कुमार थापा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११. | श्री पुर्ण प्रसाद घिमिरे | वडा अध्यक्ष वडा नं. ९ | |
| १२. | श्री हरि प्रसाद ढकाल | वडा अध्यक्ष वडा नं. १० | |
| १३. | श्री धनबहादुर माझी | वडा अध्यक्ष वडा नं. ११ | |
| १४. | श्री चन्द्रा आले मगर | कार्यपालिका सदस्य | |
| १५. | श्री भावना रावल | कार्यपालिका सदस्य | |
| १६. | श्री अनिता वि.क. | कार्यपालिका सदस्य | |
| १७. | श्री कोपिला नेपाली | कार्यपालिका सदस्य | |
| १८. | श्री कमला सुवेदी | कार्यपालिका सदस्य | |
| १९. | श्री गोर्खे कामी | कार्यपालिका सदस्य | |
| २०. | श्री भगे कामी | कार्यपालिका सदस्य | |
| २१. | श्री देबेन्द्रबहादुर राजी | कार्यपालिका सदस्य | |
| २२. | श्री गोकर्ण नाथ योगी | प्र.प्र.अ./सदस्य सचिव | |

पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
काविचौर, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

लालविर भण्डारी
नगर प्रमुख

## मिति २०८२/०५/१९ गतेको आ.व. ०८२/०८३ को दोस्रो नगर कार्यपालिका बैठकका एजेण्डाहरु

१. नगरपालिकाको प्रमुख प्रशासनिक भवन र कवर्ड हलको जग्गाको भोगाधिकार लिने सम्बन्धमा ।

२. कवर्ड हलको डि.पि.आर. लगायतका काम गर्ने सम्बन्धमा ।

३. विद्यापुर जनता बहुमुखी क्याम्पसको डि.पि.आर. गर्ने सम्बन्धमा ।

४. पञ्चपुरी नगर अस्पतालबाट दाँत उपचार सेवा सञ्चालन सम्बन्धमा ।

५. विविध ।

- ६ नं. वडाका वडा अध्यक्ष श्री नरबहादुर सिजापतिको मृगौला प्रत्यारोपणका लागि आर्थिक सहायता सम्बन्धमा ।
- प्रहरी तालिम केन्द्रको IEE को म्याद थप गर्ने सम्बन्धमा ।
- सालकोट देखि शिवशक्तिधाम जोड्ने सडक कालोपत्रे म्याद थप सम्बन्धमा ।
- हिंसा प्रभावितहरुका लागि अल्पकालिन सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि- २०८२ स्वीकृत सम्बन्धमा ।
- आ.व. ०८१/०८२ को आन्तरिक लेखा परिक्षणको लागि लेखा परिक्षक तोक्ने सम्बन्धमा ।
- जलवायु परिवर्तन कार्यक्रमबाट सञ्चालित योजना तथा कार्यक्रममा लागत साझेदारी गर्ने सम्बन्धमा ।
- जनसिर्जना मावि कुइनेमा रिक्त नेपाली विषयको दरबन्दीलाई विषय परिवर्तन गर्ने सम्बन्धमा ।
- आ.व. ०८२/०८३ को नगर दररेट स्वीकृत गर्ने सम्बन्धमा ।

पञ्चपुरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बाबियाचौर, सुर्खेत कर्णाली प्रदेश, नेपाल

लालबिर भण्डारी
नगर प्रमुख

CamScanner

## २०८२।०५।१९ गतेको नगर कार्यपालिका बैठकको निर्णयहरु:

१. यस पञ्चपुरी नगरपालिकामा राष्ट्रिय खेलकुद परिषद्बाट कभर्ड हल निर्माणका लागि विनियोजन भई आएको रकमलाई कार्यान्वयन गराउनका लागि देहाय बमोजिमको कागजातहरुलाई यथाशिघ्र तयार गरी कार्यालयमा प्रतिवेदन पेश गर्न सम्बन्धित शाखालाई निर्देशन दिने निर्णय गरियो ।

देहाय :

- जग्गाको स्वामित्वकर्ताको विवरण
- जग्गाको पुर्जाको प्रतिलिपी
- Detail Project Report (DPR)
- EIA/IEE Report (Electronic Copy)

२. विद्यापुर जनता बहुमुखी क्याम्पसको DPR निर्माणको लागि आवश्यक प्राविधिक प्रक्रिया अगाडी बढाउनको लागि सम्बन्धित क्याम्पसलाई जिम्मेवारी दिने निर्णय गरियो । यसका लागि आवश्यक पर्ने रकम क्याम्पसलाई अनुदान स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

३. पञ्चपुरी आधारभूत अस्पताल, सालकोटलाई दाँत उपचार सेवा सञ्चालन तथा व्यवस्थापनको लागि आर्थिक व्यवस्था स्वरुप रु. ५,००,०००। (पाँच लाख मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

४. यस नगरपालिकाको प्रमुख प्रशासकीय भवन र कभर्ड हलको जग्गाको भोगाधिकारको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई सिफारिस लेखी पठाउन जिल्ला समन्वय समितिको कार्यालय, सुर्खेतलाई अनुरोध गर्ने निर्णय गरियो ।

५. यस पञ्चपुरी नगरपालिका वडा नं. ६ को वडाध्यक्ष श्री नर बहादुर सिजापतिको मृगौला खराबीको कारण स्वास्थ्य अवस्था कमजोर भएकोले मृगौला प्रत्यारोपणको लागि रु. १,००,०००। (एक लाख मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

६. तपसिल बमोजिमका योजना तथा प्रतिवेदनको म्याद थप गर्ने निर्णय गरियो :

(क) प्रहरी तालिम केन्द्रको IEE
(ख) सालकोट– शिवशक्तिधाम जाने सडक कालोपत्रे

७. यस पञ्चपुरी नगरपालिकाको वडा नं. ११ तातापानी श्री जनसिर्जना उ.मा.वि. मा शिक्षक नेपाली विषयको दरबन्दीलाई परिवर्तन गरी लेखा विषयको दरबन्दी कायम गर्न शिक्षा विकास तथा समन्वय इकाई, सुर्खेतमा सिफारिस गर्ने निर्णय गरियो ।

८. यस पञ्चपुरी नगरपालिकाको आ.व. २०८१।०८२ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गर्नका लागि भेरीगंगा नगरपालिका, सुर्खेतमा कार्यरत आन्तरिक लेखा परीक्षक (अधिकृत छैठौं) श्री रेशम रेग्मीलाई खटाइदिनको लागि भेरीगंगा नगरपालिका, सुर्खेतलाई पत्राचार गर्ने निर्णय गरियो ।

९. पञ्चपुरी नगर दररेट निर्धारण सिफारिस समितिको मिति २०८२/०५/१८ गतेको बैठकबाट निर्णय भई पेश भएको आ.व. ०८२/०८३ को नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

लालबिर भण्डारी
नगर प्रमुख

१० हिंसा प्रभावितहरुको लागि अल्पकालिन सेवा केन्द्र स्थापना तथा सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । साथै हिंसा प्रभावितहरुको अल्पकालिन सेवा सञ्चालनको लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखाको लागि बिनियोजित बजेट रकमबाट रु. १,००,०००। (एक लाख) आर्थिक व्यवस्थापन स्वरुप बिनियोजन गरी खर्च गर्ने निर्णय गरियो ।

११. यस पञ्चपुरी नगरपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) वा यूरोपेली यूनियन तथा फिनल्यान्ड सरकारको सहयोगमा सञ्चालित सबैको लागि खानेपानी तथा सरसफाई आयोजना (SUSWA) परियोजनाहरु हालसम्म कार्यान्वयन नभएको र जलवायू परिवर्तन स्थानीय अनुकूलन परियोजनाले कार्यान्वयन गर्ने योजना तथा कार्यक्रममा यस नगरपालिकाबाट २० प्रतिशत लागत साझेदारी गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिकाको स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अनुसार सूर्यतारा सिमेन्ट, उधोग संचालनमा सहजताको लागि उक्त उधोगसम्म सडक पहूच पुर्याउनुपर्ने भएकोले यस पञ्चपुरी नगरपालिका क्षेत्रभित्र पर्ने लामिडाडा देखि मुरमुरी जोड्ने सडक खोल्ने कार्यको लागि सार्वजनिक खरिद, ऐन, नियमावली बमोजिम तपसिल बमोजिमको योजना सोझै खरिद विधिबाट खरिद प्रक्रिया तत्काल शुरु गर्ने निर्णय गरियो ।

तपसिल :

| योजनाको नाम | रकम |
|---|---|
| खम्बागाडे बाबियाचौर सडकको लामिडाडा हुदै मुरमुरी जोड्ने सडक (सूर्यतारा सिमेन्ट कारखाना जाने बाटो) | रु १०,००,०००।- |

CamScanner